
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क २९१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० कार्तिक २२ गते बुधबार ❑ 8 Nov. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## विपत् व्यवस्थापन र प्रतिकार्य सरकारको प्राथमिकतामा: मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, २१ कार्तिक

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले विपत् व्यवस्थापन र प्रतिकार्यलाई सरकारले उच्च प्राथमिकतामा राखेको बताउनुभएको छ ।

गण्डकी प्रदेश सरकार र नेपाली सेना पश्चिम पृतना हेडक्वाटर्सद्वारा संयुक्त रूपमा विपत्मा खटिने सुरक्षाकर्मीको क्षमता अभिवृद्धिका लागि आयोजित सि.सं.१ फायर फाइटिङ तालिम समापन समारोहमा उहाँले विपद्जन्य घटनाको न्यूनीकरण, सबै संयन्त्रको समन्वयात्मक ढङ्गबाट परिचालन तथा प्रतिकार्य गर्न र पीडितलाई राहत प्रदान गर्न सरकार सदैव तयार रहेको बताउनुभयो । "विपद् व्यवस्थापनका लागि प्रदेश सरकारले वार्षिक रूपमा आर्थिक स्रोतसमेत सुनिश्चित गर्दै आएको छ", मुख्य मन्त्री पाण्डेले भन्नुभयो, "जिल्ला विपद् व्यवस्थापन समितिबाट अनुरोध भई आएका विषयमा राहत तथा क्षतिपूर्ति वितरण, विपद् उद्धारका लागि प्रयोग हुने सामग्रीहरू वितरण, विभिन्न किसिमका विपद् नमूना अभ्यास, कम्युनिटी सर्च एन्ड रेस्क्युजस्ता तालिमहरू सञ्चालन हुँदै आएको छ ।"

विपद् व्यवस्थापन र प्रतिकार्यमा नेपाली सेना तथा सबै सुरक्षा निकायले समन्वयात्मक रूपमा निर्वाह गर्दै आएको भूमिकाको प्रशंसा गर्दै उहाँले यस तालिमले सबै सुरक्षा निकायको आगलागी नियन्त्रण क्षमता अभिवृद्धिसँगै उद्धारमा संलग्न हुने सम्पूर्ण निकायमा आत्मविश्वास वृद्धि हुने विश्वास व्यक्त गर्नुभयो । गत वर्ष गण्डकी प्रदेशमा दुई सय ७० स्थानमा आगलागी हुँदा १० जनाको मृत्यु, ३९ जना घाइते हुनाका साथै अनुमानित रु आठ करोड ८४ लाख ६१ हजार बराबरको क्षति भएको थियो ।

पश्चिम पृतना हेडक्वाटरका पृतनापति दीपक बानियाँले गण्डकी प्रदेश सरकारको पहलमा गरिएको यस तालिमले विपत् व्यवस्थापन एवम् प्रतिकार्यमा ठूलो सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । सरोकारवाला निकायसँग सहकार्य गर्दै विपत् व्यवस्थापन एवम् प्रतिकार्य गर्दै आइएको र सरोकारवाला निकायको सहकार्य तथा समन्वयबाट विपद् जोखिमी न्यूनीकरणसँगै विपत् प्रतिकार्यलाई प्रभावकारी बनाउन सकिने उहाँले बताउनुभयो ।

पृतना तालिम अधिकृत प्रमुख सेनानी विक्रमदेव गिरीले गण्डकी प्रदेश सरकारको वार्षिक विकास कार्यक्रमअन्तर्गत विपद् उद्धारमा खटिने सुरक्षाकर्मीको क्षमता अभिवृद्धिका लागि पृतना हेडक्वाटरमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका शिक्षार्थीलाई सहभागी गराई कात्तिक १३ गतेदेखि आठदिने फायर फाइटिङ तालिम सञ्चालन गरिएको जानकारी दिनुभयो । तालिममा गण्डकी प्रदेशस्थित नेपाली सेनाका ३०, नेपाल प्रहरीका १० र सशस्त्र प्रहरी बलका १० गरी ५० जनाको सहभागिता थियो । कार्यक्रममा फायर फाइटिङको विभिन्न नमूना अभ्यास गरिएको थियो ।

## गणतन्त्रलाई सबल बनाउन भूमिका खेल्ने शीर्ष नेताको प्रतिबद्धता

**पोखरापत्र संवाददाता**
पोखरा, २१ कार्तिक

मुलुकको राजनीतिक परिवर्तनका लागि एकताबद्ध भएर सङ्घर्ष गरेका राजनीतिक दलका शीर्ष नेतृत्वले जनताको बलिदानबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थालाई थप मजबुद बनाउन भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को आह्वानमा सिंहदरबारमा बाह्रबुँदे सहमति, शान्ति प्रक्रिया र संविधान निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गरेका दलका नेताबीच गणतन्त्रलाई सुदृढीकरण गर्दै अघि बढ्ने सहमति भएको प्रधानमन्त्री दाहालका प्रेस सल्लाहकार गोविन्द आचार्यले जानकारी दिनुभयो । शीर्ष नेताले दलहरूबीच आपसी मतभेद भए पनि एकताबद्ध हुँदै लोकतन्त्रको सुदृढीकरण गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नुभएको उहाँले बताउनुभयो । बैठकमा सहभागी दलका नेताहरूले सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थामाथि भइरहेका आक्रमणको समीक्षा गर्दै प्राप्त उपलब्धिलाई सबल बनाउन आगामी दिनमा बुहपक्षीय र द्विपक्षीय छलफल गर्दै अघि बढ्ने सहमति गरेको उहाँको भनाइ छ । "छलफलमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति नेताहरूले बलियो प्रतिबद्धता व्यक्त गर्नुभयो, प्राप्त उपलब्धिलाई थप सबल बनाउन आ-आफ्नो तहबाट भूमिका खेल्ने उहाँहरूको सामूहिक प्रतिबद्धता थियो", उहाँले भन्नुभयो । शीर्ष नेताले भूकम्पलगायत प्राकृतिक प्रकोपबाट पीडितलाई प्रभावकारी ढङ्गबाट राहत र उद्धारका काम अगाडि बढाउन सरकारलाई सुझाव दिनुभएको थियो ।

उहाँहरूले पछिल्ला समय सामाजिक सञ्जालबाट संविधान, लोकतन्त्र, राजनीतिक प्रणाली, नेतृत्वकाविरुद्ध भइरहेका दुष्प्रचारबारे सरकारको ध्यानाकर्षणसमेतगराउनुभएकोथियो। सो अवसरमा प्रधानमन्त्री दाहालले सरकार विद्यमान कानुनअनुसार सामाजिक सञ्जालको गलत प्रयोगलाई नियमन गरेर मर्यादित समाज निर्माण गर्न लागिपरेको बताउनुभएको थियो । छलफलमा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवं प्रधानमन्त्री दाहाल, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली, पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईलगायतका शीर्ष नेताको उपस्थिति थियो ।

## राष्ट्रिय गौरवको आयोजनाका रुपमा क्रिकेट रङ्गशाला बनाइने

**रासस**
काठमाडौं, २१ कार्तिक

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राष्ट्रिय गौरवका आयोजनाका रुपमा सरकारले क्रिकेट रङ्गशाला निर्माण गर्ने बताउनुभएको छ ।

नेपाल टी-२० विश्वकपमा छनोट भएको उपलक्ष्यमा सम्मान तथा अघिल्ला प्रतियोगितामा घोषणा गरिएको पुरस्कार रकम आज वितरण गर्दै उहाँले भन्नुभयो, "क्रिकेट रङ्गशालालाई चाँडै राष्ट्रिय गौरवको आयोजनाको रुपमा घोषणा गर्छौं ।" "सबैभन्दा पहिला तपाईंहरूलाई बधाई छ। तपाईंहरूले उत्कृष्ट प्रदर्शनका साथै नेपालको प्रतिष्ठालाई अन्तर्राष्ट्रियस्तरमा स्थापित गर्नुभएको छ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "दश वर्षपछि नेपाल टी-२० मा छनोट भएको छ, विश्वकपमा पनि राम्रो मेहनत गर्नुहोला ।" नेपाली क्रिकेट टोलीले छनोट चरणको खेलमा राम्रो प्रदर्शन गरिरहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले क्रिकेटप्रति नेपाली जनता र युवाको लगाव बढेको बताउनुभयो । उहाँले भन्नुभयो, "यो लगावले सरकारलाई पनि उत्प्रेरित गरेको छ । खेलाडीमा अझ बढी हौसला बढाउन, उनीहरूका लागि बढी लगानी गर्न र खेलकुदका अझ बढी पूर्वाधार विकास गर्न हामीलाई प्रेरणा मिलेको छ ।" खेल क्षेत्र देशको प्रतिष्ठालाई बढाउनसक्ने एउटा महत्त्वपूर्ण क्षेत्र भएको बताउँदै प्रधानमन्त्रीले त्यसमा पनि क्रिकेटको भूमिका मुख्य रहेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "क्रिकेट रङ्गशालालाई राष्ट्रिय गौरवको आयोजनाका रुपमा अगाडि बढाउँदै छौँ, भरतपुर, मुलपानी र कीर्तिपुरको काम पनि शीघ्र अगाडि बढाइन्छ। यसरी मात्र आम नेपाली खेलप्रेमी जनसमुदायकोभावनाकोसम्बोधन गर्न सकिन्छ ।" केही कानुनी र प्रक्रियागत समस्याका कारण खेलाडीलाई प्रोत्साहन स्वरुप प्रदान गरिने भनिएको पुरस्कार वितरणमा ढिलाई भएको स्वीकार गर्दै प्रधानमन्त्रीले आगामी दिनमा त्यस्तो नहोस् भन्नेमा सरकार पूर्ण सचेत हुने बताउनुभयो ।

नेपाली क्रिकेट टोलीका कप्तान रोहित पौडेलले क्रिकेट खेललाई सरकारले दिएको महत्त्वबाट आफूहरू उत्साहित भएको बताउनुभयो । उहाँले भन्नुभयो, "यो सम्मानका लागि प्रधानमन्त्री र नेपाल सरकारप्रति हार्दिक आभार व्यक्त गर्दछु । सरकारले क्रिकेट खेललाई उच्च प्राथमिकता दिएकामा खुसी छौं ।" उहाँले कीर्तिपुर क्रिकेट रङ्गशालामा आवश्यक भौतिक पूर्वाधार निर्माण गर्न प्रक्रिया अगाडि बढाएकामा सरकारलाई कृतज्ञता ज्ञापन गर्नुभयो । "सरकारको प्रयासप्रति हामी आभारी छौं । बाँकी काम पनि चाँडै पूरा हुनेमा विश्वस्त छौं", कप्तान पौडेलले भन्नुभयो ।

## भूकम्पपीडितलाई सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २१ कार्तिक

नेपाली युवा उद्यमी मञ्च पोखराले भूकम्प प्रभावित जाजरकोट र पश्चिम रुकुम जिल्लाका भूकम्पपीडितलाई सहयोग गरेको छ ।

मञ्चका तर्फबाट रु दुई लाखको चेक प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा हुने गरी मञ्चका अध्यक्ष निरन केसीले मंगलबार गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेलाई हस्तान्तरण गर्नुभयो ।



नेपाल सरकारद्वारा राहत सहयोगको लागि एकद्वार प्रणाली लागू गरेसँगै मञ्चले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम जम्मा गर्ने निर्णय गरेको अध्यक्ष केसीले जानकारी दिनुभयो। एकद्वार प्रणालीको प्रशंसा गर्दै उहाँले सरकारले पीडितको लागितीव्र र तदारुकताका साथ राहत सामग्री व्यवस्थापन गर्ने विश्वास व्यक्त गर्नुभयो ।

हस्तान्तरण कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य विन्दुकुमार थापालगायतको उपस्थिति थियो ।

## आँधीमुहानमा पुल बनेपछि चार जिल्लाबासीलाई सहज

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २१ कार्तिक

कालीगण्डकी लोकमार्गअन्तर्गत आँधीमुहानस्थित आँधीखोलामा पुल बनेपछि स्थानीयलाई सहज भएको छ । स्याङ्जाका पश्चिम, पर्वतका दक्षिण, गुल्मी र बाग्लुङ जिल्लाका पूर्वी भागका नागरिकलाई गल्याङ, पाल्पा, बुटवल, नारायणगढ, दाङ र भारतसमेत जान सबैभन्दा छोटो मानिएको बिहादी-सेतीवेणी-मिर्मी सडक खण्डअन्तर्गत आँधीमुहानमा पुल बनेपछि सहज भएको हो ।

यहाँका स्थानीयहरू उच्चस्तरको स्वास्थ्य सेवा लिन, व्यापारीका लागि मालसमान ढुवानी गर्न सेतीवेणी-मिर्मी सडक खण्डमा पर्ने खबरको वनको पैदलमार्ग प्रयोग गर्दै आएका थिए । निकै पुरानो मानिएको सेतीवेणी बजार, पुर्तीघाट बजार, बाग्लुङको छिस्दीलगायत व्यापारीले दुई दशकअघिसम्म भरिया लगाएर खबरको वनको बाटो मालसामान ढुवानी गर्ने गरेको पाइन्छ ।

कालीगण्डकी लोकमार्गअन्तर्गत गल्याङ नगरपालिका र कालीगण्डकी गाउँपालिका जोड्ने सेतीवेणी-मिर्मी सडक खण्ड १० किलोमिटर दूरीमा अवस्थित छ। यही सडक खण्डलाई जोड्ने गरी रायमाझी/राजेश्वरी/पिटिआर अधिकारी जेभीले आँधीखोलामा ट्रस ब्रिज निर्माण गरेको इन्जिनियर पवित्रमणि आचार्यले जानकारी दिनुभयो। उहाँले हाल पुल निर्माण सकिएर सर्वसाधारणका लागि खुल्ला गरिएको बताउनुभयो । आचार्यका अनुसार पुल श्र नौ करोड ६२ लाख ७९ हजार ९३ ठेक्का सम्झौता भएको थियो ।

अहिले स्याङजा-पर्वत खण्डको सडक निर्माणले तीव्रता पाएको छ । स्याङजा-पर्वतको ५३ किलोमिटरमध्ये सेतीवेणी-मिर्मी सडकको काम महादेव खिम्ती/आन्जना/पराजुली जेभी लम्जुङले निर्माण जिम्मा लिएर अगाडि बढाएको छ । "निर्माण कम्पनीले सडक चौडा, नाली निर्माण, तेवा पर्खाल र कालोपत्र गर्ने गरी २०७७ साल भदौ १२ गते सम्झौता गरेको थियो", इन्जिनियर आचार्यले भन्नुभयो, "साढे दुई वर्षमा सक्ने गरी श्र १ करोड ९८ लाख छ हजार एक सय ९० ठेक्का सम्झौता भएको थियो ।"

विष्फोट गरेर बाटो निर्माण गर्नुपरेकाले काममा ढिलाइ भएको र एक वर्ष समय थपेर काम अगाडि बढाएको आचार्यको भनाइ छ । मिर्मी सेतीबेनी सडककै तीन किलोमिटर सडक निर्माण काष्ठमण्डप/कली/मनकामना जेभीले रु आठ करोड ८६ लाख ८७ हजार सात सय ७१ ठेक्का सम्झौता गरेको उहाँले बताउनुभयो । आँधीमुहानका स्थानीय टीकाराम कुँवरले खबरको वनमा मोटरबाटो नहुँदा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कालिगढ सम्मानित, कृति लोकार्पित

**पोखरापत्र संवाददाता**
पोखरा, २१ कार्तिक

लोकवार्ता परिषद् नेपालको १२औं संगोष्ठीका अवसरमा काष्ठकलामा पोख्त कालिगढ बागलुङ नगरपालिका-३ निवासी भीमबहादुर विक सम्मानित हुनुभएको छ । बागलुङमा जारी संगोष्ठीमा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईले उहाँलाई दोसल्ला र सम्मानपत्र प्रदान गर्नुभएको हो ।

कालिगढी पेसामार्फत परम्परागत ज्ञान र सीपको जगेर्नामा पुऱ्याएको योगदानबापत विकलाई सम्मान गरिएको संगोष्ठी तयारी समितिका संयोजक प्रा डा दिनबहादुर थापाले बताउनुभयो । ६१ वर्षीय विकले बाउबाजेबाट काष्ठकलाको सीप सिक्नुभएको थियो । विकले काठका मूर्ति बनाउनेदेखि मठमन्दिरका झ्याल, ढोका र टुँडालमा आकर्षक कला भर्दै आउनुभएको छ ।



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# जाउँ है पोखरा अभियान उत्साहपूर्ण रुपमा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २१ कार्तिक



जाउँ है पोखरा अभियान लिएर वर्षेपिच्छे प्रबर्द्धन अभियानमा निस्कँदै आएका पोखरेली पर्यटनकर्मीलाई पूर्वका वासिन्दाले यसपटक पोखरा घुम्ने प्याकेज के छ भनेर जिज्ञासा राखेका छन् ।

जाउँ है पोखरा अभियान लिएर १६ कात्तिकदेखि २० कात्तिक सम्म पूर्वी नेपालको भ्रमणमा निस्केको होटल संघ पोखरा नेपालको टोलीलाई पूर्वेलीले पोखरा घुम्न लाग्ने बजेट र प्याकेजबारे पत्रकार सम्मेलन र अन्तरक्रिया कार्यक्रममा सोधेका थिए । जवाफमा संघका अध्यक्ष लक्ष्मण सुवेदीले पोखरा संसारकै सबैभन्दा सस्तो पर्यटकीय गन्तव्य भनेर विभिन्न अन्तर्राष्ट्रिय ख्यातीप्राप्त वेब पोर्टल र प्रसिद्ध पत्रिकाले लेख्दै आएको स्मरण गराए । विश्व प्रसिद्ध फोर्ब्स पत्रिका र अन्तर्राष्ट्रिय वेब पोर्टल प्राइस अफ ट्राभल डट कमले पोखरालाई संसारकै सबैभन्दा सस्तो पर्यटकीय गन्तव्य भनेर विगतमा उल्लेख गरेका थिए । प्याकेजबारे थप प्रष्ट पार्दै अध्यक्ष सुवेदीले कोभिडका कारण पर्यटन क्षेत्र थला परेको र यसलाई विस्तारै लयमा फर्काउन विगतमा पर्यटकीय सेवासुविधामा भारी छुट प्रदान गरिएको र अहिले पनि विभिन्न होटल, रेष्टुराँ, ट्राभल एजेन्सी र साहसिक पर्यटकीय गतिविधि संचालकहरुले कोभिड अघिको तुलनामा ५० प्रतिशतसम्म कम दरमा आफ्ना सेवाहरु बेचीरहेको अवगत गराए ।

पोखरा महानगरपालिकाको प्रबर्द्धनमा यसपटक संचालित कार्यक्रम अन्तर्गत बर्दिवास, जनकपुरधाम, इटहरी, विराटनगर, विर्तामोड, धनकुटा र चितवनमा संघले जाउँ है पोखरा अभियान संचालन गरेको थियो । पूर्व र पोखराबिच पर्यटक तथा व्यवसायको आदानप्रदान र आन्तरिक पर्यटनको प्रवर्द्धनका लागि जाउँ है पोखरा अभियानलाई निरन्तरता दिइएको संघका महासचिव राजेन्द्र ढकालले जानकारी दिए । होटल तथा पर्यटन व्यवसायी संघ बर्दिवासका अध्यक्ष गोपाल कार्कीले पोखराका व्यवसायीले अघि सारेको पर्यटकीय साझेदारीको अवधारणा सकारात्मक रहेको बताए । पोखरामा पर्यटकको खर्च गर्ने क्षमता अनुसार एक हजार रुपैयाँदेखि दशौं हजार मूल्य पर्ने कोठाहरु उपलब्ध भएको भन्दै संघले पोखरा घुम्नका लागि पूर्वका वासिन्दालाई निम्ता प्रदान गरेको छ । अभियानको क्रममा पूर्वका व्यवसायी र पोखरेली व्यवसायीहरु विगतमा पोखराबाट भद्रपुर र विराटनगर जस्ता शहरसम्म संचालित सिधा हवाई उडानलाई पुनः नियमितता प्रदान गर्न पनि एकमत भएका छन् । होटल संघ नेपालका केन्द्रिय सदस्य भरतराज पराजुलीले सेवालाई दिगो बनाउने गरी अब तयारीका साथ हवाई सेवालाई पुनः नियमित गरी स्तरीय पर्यटक बस सेवा समेत पोखरा जोड्ने गरी संचालन गरिनुपर्ने सुझाव राखे । यसका लागि आफूहरु तयार रहेको पूर्वका व्यवसायी भविशकुमार श्रेष्ठले प्रतिक्रिया जनाए । भ्रमण टोलीमा रहेका पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले स्थगित भएका पूर्व र पोखरा जोड्ने हवाई सेवा पुनः संचालन गर्न पहल भइरहेको बताउँदै चार लेनमा विस्तार हुँदै गरेको मुग्लिन-पोखरा सडक खण्डमा कालोपत्रे गर्ने कार्य सुरु भइसकेको स्मरण गराए । 'पर्यटनका लागि कनेक्टिभिटि महत्वपूर्ण हुन्छ,' उनले भने । यसैगरी पूर्वका विभिन्न शहरबाट पोखरासम्म स्तरीय बस सेवा संचालन गर्न समेत आपसी सहकार्यका लागि समेत दुवै क्षेत्रका व्यवसायी एकमत देखिएका छन् ।

होटल तथा पर्यटन व्यवसायी महासंघ मधेश प्रदेशका अध्यक्ष हिरा गौतमले विदेशीले भन्दा नेपाली पर्यटकका खर्च गर्ने प्रवृद्धि बढी हुन पर्यटनका लागि सकारात्मक पक्ष भएको बताए । होटल संघ नेपाल कोशी प्रदेशका अध्यक्ष राजन श्रेष्ठले पर्यटन क्षेत्रप्रति सरकार सकारात्मक हुनुपर्ने बताए । होटल संघ नेपाल मधेश प्रदेशका अध्यक्ष राकेश भुनभुनवालाले जनकपुरको जानकी मन्दिर प्रचारमा नेपाल पर्यटन बोर्डले जोड दिनुपर्ने बताए ।

पोखराको होटल क्षेत्रमा पाँच खर्ब रुपैयाँ हाराहारीको लगानी रहेको, यस क्षेत्रका एक हजार दुई सय होटलमा ४० हजार विस्तारा रहेको र यो क्षेत्रमा १५ हजार जनाले रोजगारी पाएको आयोजक संघका अध्यक्ष सुवेदीले तथ्यांक सुनाए । दिगो पर्यटनका लागि आन्तरिक पर्यटन नै प्रमुख आधार भएको बताउँदै सुवेदीले नेपालीमा पनि घुम्ने संस्कृतिको विकास भएको र अहिले पोखरा घुम्न पुग्ने कूल पर्यटकमा आन्तरिक पर्यटकको दर ३५ प्रतिशत पुगेको सुनाए । 'यस्तो हुनुमा जाउँ है पोखरा अभियानको प्रमुख देन छ,' उनले भने । आन्तरिक पर्यटन प्रवर्द्धनकै लागि संघले फेवा नव वर्ष महोत्सव, भाइटिका महोत्सव, खाना महोत्सव जस्ता कार्यक्रमहरु समेत संचालन गर्दै आएको छ ।

# ज्ञान योग ध्यान तथा साधना शिविर पोखरामा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २१ कार्तिक



ज्ञान योग ध्यान तथा साधना शिविर पोखरामा सम्पन्न भएको छ ।

डा. योगी विकाशानन्द फाउण्डेशन विश्व परिवार कास्कीको आयोजनामा भएको शिविरको उद्घाटन गर्दै पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले आध्यात्मिक ज्ञानबाट नै संसार बदल्न सकिन्छ भन्ने मनोक्रान्ति अभियान सफल भएको भन्दै प्रशंसा गरेका थिए ।

पोखरा २३ मा रहेको फाउण्डेशन आफैमा आध्यात्मिक केन्द्रको रुपमा उदाएकाले त्यहासम्म पुग्ने सडक गन्तव्यलाई छिटो भन्दा छिटो निर्माण गर्ने प्रतिबद्धता समेत जनाए । फाउण्डेशनका प्रमुख डा. योगी विकाशानन्दले शरीर र मनलाई स्वस्थ्य बनाउन आत्मबल दरिलो बनाउनुपर्नेमा जोड दिदै त्यसका लागि ज्ञान योग धयन र साधना नै महत्वपूर्ण औषधी रहेको बताए ।

फाउण्डेशनका अध्यक्ष धना पुनको अध्यक्षतामा भएको कार्यक्रममा सामाजिक अभियन्ता तथा पत्रकार सुष्मा पौडेलले स्वागत मन्तव्य तथा कार्यक्रम सञ्चालन सल्लाहकार रामचन्द्र पौडेलले गरेका थिए ।

शिविरमा सरकारी तथा गैह्र सरकारी निकाय, महानगरपालिका, गाउँपालिका तथा धार्मिक एवं सामाजिक संघ संस्थाका प्रमुख तथा प्रतिनिधि गरी ८०० जनाले सहभागिता जनाएको सचिव कमला पौडेलले बताइन् ।

# ढोरपाटनमा ट्याक्सी दुर्घटना, दुई जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, २१ कार्तिक

बागलुङको ढोरपाटनमा ट्याक्सी दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ ।

बडिगाड गाउँपालिकाबाट ढोरपाटन नगरपालिकातर्फ जाँदै गरेको ध१ज ९९४ नम्बरको ट्याक्सी गए राति मध्यपहाडी लोकमार्गमा पर्ने ढोरपाटन-२ मलकटिबाङमा दुर्घटना भएको हो । दुर्घटनामा ट्याक्सीमा सवार बागलुङको ढोरपाटन नगरपालिका-२ पाखुटेका २८ वर्षीय होमबहादुर पुन र बडिगाड-६ छिसफाँटका ३२ वर्षीय अस्विन परियारको मृत्यु भएको प्रहरी नायब उपरीक्षक मदन केसीले जानकारी दिनुभयो ।

ट्याक्सी सडकबाट एक सय मिटर तल खसेको थियो । दुवै जनाको घट्नास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

# कोरला नाका कात्तिक २७ गतेदेखि सञ्चालन हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २१ कार्तिक

मुस्ताङको लोमान्थाङ गाउँपालिकास्थित कोरला नाका आगामी हप्तादेखि सञ्चालन हुने भएको छ ।

गाउँपालिकाका अध्यक्ष टसीनर्वु गुरुङले चिनियाँ पक्षबाट कात्तिक २७ गतेदेखि नाका सञ्चालन हुने जानकारी आएसँगै स्थानीयवासीमा खुसियाली छाएको बताउनुभयो ।

"सरकार, जनप्रतिनिधि र सुरक्षा अधिकारीहरूको तहबाट कोरला नाका सञ्चालन गर्न भएको कूटनीतिक पहल सफल भएको छ," उहाँले भन्नुभयो, "लोमान्थाङ रलोघेकरदामोदरकुण्डगाउँपालिकाका बासिन्दा परिचयपत्रको आधारमा आवतजावत गर्न पाउनेछन् ।" प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को असोज पहिलो साता भएको भ्रमणका क्रममा चीनले कोरलालगायत नेपालका १४ वटा व्यापारिक नाका सञ्चालनमा ल्याउने तयारी भएको जनाएको थियो । यसैगरी मुस्ताङ र चीनको स्वशासित क्षेत्र ढोङ्वासेनका जनप्रतिनिधि तथा सुरक्षा अधिकारीहरूबीच नाका सञ्चालन र व्यवस्थापनका विषयमा चारपटक वार्ता भएको थियो । कोरोना महामारी फैलिएपछि विसं २०७६ देखि कोरला नाका पूर्ण रूपमा बन्द भएको थियो । त्यसअघिका वर्ष कोरला नाकामा वर्षमा दुईपटक अन्तरदेशीय व्यापार मेला हुने गरेको थियो । उक्त नाका सञ्चालनका लागि लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका एक हजार जनाभन्दा बढी सर्वसाधारणलाई नेपाल चीन सीमा क्षेत्रमा प्रस्थानका लागि प्रवेश अनुमतिपत्र' वितरण गरिएको प्रमुख जिल्ला अधिकारी जनकराज पन्तले बताउनुभयो ।

"प्रवेश पास भएका नागरिकले जुनसुकै समयमा पनि चीन जानेआउने सुविधा पाउनेछन्," उहाँले भन्नुभयो, "कोरला नाकाको नजिकै रहेको नेचुङ भन्सार कार्यालयमा नियमित कर्मचारी उपस्थितिका लागि तयारी गरिएको छ ।" नेचुङ सशस्त्र प्रहरी बल (विओपी)को भवन निर्माण भएको छ । जोमसोमदेखि कोरला नाकासम्म दुई लेनको कच्ची सडकको पहुँच पुगेको छ । चीनले नाकासम्म पक्की सडक र सुविधासम्पन्न भवन बनाएको छ । सन् १९६० को दशकमा चीनमा तिब्बत गाभिएपछि तिब्बतका खम्पाहरू नेपाली भूमि प्रयोग गरेर विद्रोहमा उत्रिएका थिए । सोही विद्रोहका कारण विसं २०३२ देखि कोरला नाका आवतजावतमा कडाइ गरिएको थियो । विसं २०५८ सम्म रोकतोक नरहेको सीमामा २०५९ देखि चीनले तारबार गरेर मेला बाहेकको अवधिमा बन्द गर्दै आएको छ । नाका सञ्चालन भएपछि मुस्ताङका बासिन्दाले दैनिक उपभोग्य वस्तु, निर्माण सामग्री, लत्ताकपडालगायत सामग्री सस्तोमा आयात गर्न पाउने लोघेकर दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष राजु विष्टले जानकारी दिनुभयो ।

# प्लास्टिकका फूलमाला बिक्री वितरणमा रोकसँगै अनुगमन

**पोखरापत्र संवाददाता**
पोखरा, २१ कार्तिक

प्लास्टिकका फूलमाला बिक्री वितरणमा रोक लगाएको पोखरा महानगरपालिकाले त्यसको अनुगमनलाई तीव्रता दिएको छ ।

गत वर्षदेखि नै प्लास्टिकजन्य फूलमाला बिक्री वितरणमा रोक लगाउन सुरु गरेको महानगरपालिकाले यसवर्ष पनि औपचारिक सूचना प्रकाशित गरी प्लास्टिकजन्य फूलमाला बिक्री वितरणमा रोक लाएको थियो ।


यही मङ्सिर १६ गते प्लास्टिकजन्य फूलमाला बिक्री वितरण नगर्न सूचना जारी गरेको महानगरपालिकाले बजारमा अनुगमन कार्यलाई तीव्रता दिएको कृषि महाशाखा प्रमुख मनोहर कडरियाले जानकारी दिनुभयो । प्लास्टिकजन्य फूलमालाका कारण वातावरणमा पार्ने असर रोक्नुका साथै स्थानीय फूल उत्पादनलाई प्रोत्साहन गर्ने लक्ष्यका साथ बिक्री वितरणमा रोक लगाइएको जानकारी दिँदै उहाँले सोमबार पोखराका १२ वटा पसलमा अनुगमन गरिएको बताउनुभयो । महानगरपालिका उपप्रमुख एवम् उपभोक्ता हित संरक्षण समितिका संयोजक मञ्जुदेवी गुरुङको नेतृत्वमा गरिएको अनुगमनका क्रममा सात पसललाई कारबाही र रु ४० हजार जरिवाना गरिएको छ भने रु एक लाख नौ हजार नौ सय १० बराबरको सामान जफत गरिएको महानगरपालिकाले जनाएको छ । नेपाल सरकार वन तथा वातावरण मन्त्रालयले वातावरण संरक्षण ऐन २०७६ को दफा १५ को उपदफा ६ ले दिएको अधिकार प्रयोग गरी गत वर्ष २०७९ साउन १२ गते राजपत्रमा सूचना प्रकाशित गरी सोही मितिदेखि प्लास्टिकजन्य फूलका गुच्छा उत्पादन आयात, बिक्री वितरण वा भण्डार गर्न पूर्ण रूपमा रोक लगाउने निर्णय गरेको थियो ।

नेपाल सरकारको उक्त निर्णय विपरीत कुनै कार्य गरेको पाइएमा वातावरण संरक्षण ऐन २०७६ को दफा २२ को उपदफा ४ को खण्ड (क) वा (ख) बमोजिम वातावरण निरीक्षकबाट १५ हजारदेखि २० हजारसम्म जरिवाना हुने व्यवस्था छ । पोखरा महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङले प्लास्टिकजन्य फूलमालाले वातावरणमा समेत असर पर्ने भएकाले अनुगमन गरिएको बताउँदै अघिल्लो वर्ष व्यवसायीले गुनासो गरेकामा अहिले आफैँले हटाए सहयोग गरेको बताउनुभयो । महानगरपालिकाले यस वर्ष सयपत्री फूलको बीउमा ५० प्रतिशत अनुदान दिएको थियो ।

# आँधीमुहानमा ...

र आँधीखोलामा पुल नहुँदा स्याङ्जा, पर्वत, गुल्मी र बाग्लुङ्का लाखौँ जनताले भिरको साँघुरो र अप्ठ्यारो बाटोमा वर्षौं जोखिमपूर्ण यात्रा गर्न बाध्य भएको बताउनुभयो । "पुल नहुँदा धेरै समय खर्चेर लामो बाटो प्रयोग गर्न यहाँका नागरिक बाध्य थिए," उहाँले भन्नुभयो, "पुल निर्माणपछि अकालमै ज्यान जाने समस्या टरेको छ, धेरैको पैसा र समय बचत भएको छ ।"

सेतीवेणीका व्यापारी शोभाखर तिवारीले आँधीखोलामा पुल निर्माणपछि दक्षिणी पर्वतका नागरिकको सपना पूरा भएको बताउनुभयो । उहाँले पुल निर्माणले बर्खाको समयमा बिरामी बोकेर हिँड्न, पाल्पा, बुटवल, नारायणगढ जान सहज बनाएको बताउनुभयो ।


कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको बीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्बन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# सधैं चिनीको हाहाकार

चाडपर्वको समयमा बजारमा चिनीको हाहाकार हुने रोगको उपचार नभएर झन रोगले ग्रस्त बनाएको छ। यस वर्ष दशैं अघि देखि चिनीको अभाव देखाएर गरिएको मूल्य वृद्धि कायमै छाबजारमा चिनीको अभाव भएपछि नेपालले भारतलाई जीटूजी (सरकार सरकारबीच खरिद) मा २५ हजार मेट्रिकटन चिनी दिन आग्रह गरेको थियो । तिहार अघि नै २५ हजार मेट्रिकटन चिनी उपलब्ध गराउन भारत सहमत भएपछि खरिदको प्रक्रिया थालेको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव एवम् प्रवक्ता गजेन्द्र कुमार ठाकुरको दावी छ । सरकारको भनाइलाई पत्याउनु पर्ने भएपनि जनताले विश्वास गर्ने अवस्था बनेको छैन ।

भारतले उपलब्ध गराउने भनेको २५ हजार मेट्रीकटन मध्ये २० हजार मेट्रिकटन चिनी तिहार अगाबै ल्याउने गरी खरिद प्रक्रिया थालेको छ । साल्ट ट्रेडिङले यस्तो पहल थालेको छ। तर, तिहार सुरु हुन लाग्दा पनि चिनी आउने सम्भावना लगभग सकिएको छ । जस्ले ल्याउने पहल गरेको हो उसैले संभावना कम भएको बताएर मंहगोमा किन्न बाध्य पारिदै छासाल्ट ट्रेडिङले तिहार अघिको संभावना सकिएको जनाएको छ ।

'चिनी ल्याउन प्रक्रिया सुरु गरेको हो । भारत सहमत पनि भएको छ । तर, प्रक्रियागत झञ्झटका कारण तिहारअघि चिनी आउने सम्भावना छैन,' साल्ट ट्रेडिङका सूचना अधिकारी कुमार राजभण्डारीले भने, 'तिहारलाई चिनी सहज हुन मुश्किल नै छ । चिनी उपलब्धताको प्रक्रिया नै निकै ढिलो भयो ।' यो लज्जास्पद भनाइले सरकार जनताप्रति जवाफदेही छैन भन्ने देखाउँछ।

बजारमा अभाव सिर्जना गरेर चिनीको मूल्य बढाउन पल्केका व्यापारीलाई यश पटक सरकारले नै बढाएको व्यापारीहरुको जिकिर छ। होलसेल तथा खुद्रा व्यापार संघका अधिकारीहरु सबै दोष सरकारलाई दिएर पानी माथिको ओभानो बन्न खोज्दैछन् । सरकारको पूर्ण स्वामित्वको खाद्य व्यवस्था तथा व्यापार कम्पनी र केही प्रतिशत सेयर रहेको साल्ट ट्रेडिङले गर्दा महंगोमा चिनी किन्नुपर्ने अवस्था आएको हो। यो सरकारको निकम्मापना हो। सरकारले निश्चित उद्योगीहरुको स्वार्थमा काम गर्दा अहिले पोखरा, काठमाडौं लगायतका शहर बजारका सर्वसाधारण चिनी अभाव झेलिरहेका छन् । सरकारले कालोबजारी गर्ने मौका जुटाइदिएको छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सम्मान मिल्नेछ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : कार्यमा सफलता | धनु | : मानसिक तनाब |
| कर्कट | : मन चञ्चल | मकर | : शारीरिक झमेला |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# टी ट्वान्टी महिला सिरिजका लागि खेलाडी छनोट

**रासस**
काठमाडौं, २१ कार्तिक

नेपाल क्रिकेट सङ्घ (क्यान) ले हङकङमा हुने चार देश सम्मिलित महिला टी ट्वान्टी सिरिजका लागि आज २२ सदस्यीय नेपाली महिला टोलीको घोषणा गरेको छ।

यही कात्तिक २९ देखि मङ्सिर ३ गतेसम्म हङकङमा आयोजना हुने उक्त प्रतियोगितामा आयोजक हङकङसहित नेपाल, संयुक्त अरब इमिरेट्स (युएई) र मलेसिया छन् ।

छनोट हुने नेपाली टोलीमा रुविना क्षेत्री, पूजा महतो, सीता रानामगर, इन्दु बर्मा, विन्दु रावल, सङ्गीता राई, ज्योति पाण्डे र रोमा थापा छन् ।

त्यसैगरी, ईश्वरी विष्ट, सम्झना खड्का, रुवि पोदार, सबनम राई, कविता जोशी, अश्मिना कर्माचार्य, खुसी डङ्गोल, कृतिका मरासिनी, कञ्चन श्रेष्ठ, सोनी पाख्रिन, सोमु विष्ट, अप्सरी बेगम, काजोल श्रेष्ठ र मनिषा चौधरी छन् ।

# विपी स्मृति भवनलाई जुट्यो तीन करोड

**पोखरापत्र संवाददाता**
बागलुङ, २१ कार्तिक

बागलुङमा गत वर्षदेखि निर्माण थालिएको विपी स्मृति भवन निर्माणका लागि धमाधम सहयोग जुटिरहेको छ । विपी स्मृति भवन निर्माणका लागि हालसम्म झण्डै रु तीन करोड सहयोग रकम सङ्कलन भएको छ।

विपी स्मृति भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष जगन्नाथ आचार्यका अनुसार हाल भवन निर्माणको २५ प्रतिशत भौतिक प्रगति भएको छ। सहयोग सङ्कलन गरिएको रु तीन करोडमध्ये रु ७५ लाख सरकारी निकायबाट हो भने अन्य रकम व्यक्तिगत सहयोगबाट जुटेको छ। गत वर्षदेखि थालिएको भवन निर्माण अभियानमा सहयोग जुट्ने क्रमले तीव्रता पाएको छ। अहिले बागलुङ नगरपालिका-३ नारायणचोकमा स्मृति भवन निर्माण भइरहेको छ। हालसम्म भवन निर्माणमा झण्डै रु एक करोड खर्च भइसकेको अध्यक्ष आचार्यले बताउनुभयो। उक्त भवन निर्माणका लागि पूर्वाधार विकास कार्यालयबाट रु ५० लाख, बागलुङ नगरपालिकाबाट रु २० लाख र जैमिनी नगरपालिकाबाट रु पाँच लाख बजेट विनियोजन भई फछ्र्योट भइसकेको छ । यस्तै जिल्लाका विभिन्न व्यक्ति, शुभेच्छुक तथा जनप्रतिनिधिबाट रु एक करोड ५९ लाख र जापानबाट रु ५० लाख सङ्कलन भएको छ।

"सहयोग जुटाएरै आधुनिक भवन निर्माण थालिएको छ", अध्यक्ष आचार्यले भन्नुभयो "अबको तीन वर्षमा भवनले सार्थकता पाउला भन्ने आशा छ, सहयोग उठ्ने क्रम जारी छ ।" नेपाली कांग्रेस बागलुङका सभापति जित शेरचनले सहयोग सङ्कलन अभियानलाई स्वदेशमा मात्रै नभएर विदेशमा समेत चलाइएको बताउनुभयो । शेरचन हालैमात्र जापान भ्रमणमा पुगेर भवन निर्माणका लागि रु ६० लाख सहयोग सङ्कलन गरेर फर्कनुभएको छ । रु १० करोड सहयोग जुटाउने नेपाली कांग्रेसको अभियान छ । बागलुङ नगरपालिका-३ नारायण चोकमा १४ आना जग्गा खरिद गरेर भवन निर्माण थालिएको हो।

# किसानका घरघरमा स्थानीय तह

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २१ कार्तिक

व्यावसायिक रूपमा ठूला फार्म सञ्चालन गरेका किसानले स्थानीय तहको कार्यालयमै पुगेर कृषिसम्बन्धी विभिन्न सेवा लिइरहेका हुन्छन् । तर निर्वाहमुखी कृषि पेसा अगालेका निम्न वर्ग र मध्यम वर्गका किसान सरकारी निकायसम्म पुग्न नसक्दा सधैं सेवा सुविधाबाट वञ्चित भएका हुन्छन् ।

पालिकाभित्र रहेका निर्वाहमुखी कृषि पेसामा आवद्ध किसान कृषिसम्बन्धी कुनैपनि सेवा सुविधा पाउनबाट नछुटुन भनेर स्याङ्जाको गल्याङ नगरपालिका कृषि प्राविधिकसहित किसानका घरघरमै पुग्ने गरेको छ। नगरपालिकाले 'किसानसँग कृषि प्राविधिक' अभियान सञ्चालन गरी किसानका गुनासा सुन्ने, उन्नत जातका बिउबिजन दिने, कृषि क्षेत्रमा देखिने समस्या र समाधान समेटिएको हाते पुस्तक वितरण गने, परामर्श दिने लगायतका कार्यक्रम सुरु गरेको हो। नगरपालिकाले गत असोज २३ गतेदेखि टोलटोलमै पुगेर किसानलाई पाँच प्रकारका उन्नत जातका बिउबिजन वितरण गर्दै कृषिसम्बन्धी जानकारी समेटिएको पुस्तकसमेत किसानलाई दिँदै आएको छ। गल्याङ नगरपालिकाका उपप्रमुख हेमा न्यौपाने तिमल्सिनाले नगरपालिकाभित्रका करिब पाँच हजार किसानलाई 'किसानसँग कृषि प्राविधिक' कार्यक्रममा सहभागी बनाइ सेवा प्रदान गर्ने बताउनुभयो । उहाँले नगरभित्रका गुजारा चलाइरहेका किसान नछुट्ने गरी आफूहरू किसानका घरदैलोमा पुगेको उहाँको भनाइ छ। उहाँले यो कार्यक्रममार्फत नागरिकलाई कृषि पेसामा आकर्षित गर्ने, किसानका गुनासाका आधारमा समस्या समाधान गने योजना बनाएको दाबी गर्नुभयो ।

उपप्रमुख न्यौपानेले किसानका घरघरमा जाँदा अनुदानका कार्यक्रम बढाएर व्यावसायिक किसानलाई हौसला दिन आग्रह गरिएको बताउनुभयो । "किसानका घरघरमा जाँदा पुरुषभन्दा महिला बढी सङ्ख्यामा कृषि कर्ममा लागेको पायौं," उहाँले भन्नुभयो, "लक्षित समूहको पनि कार्यक्रममा उत्साहाजनक सहभागिता देख्दा कृषि क्षेत्रमा लागेका बहुसङ्ख्यक किसानलाई आवश्यक सुविधा बढाएर सम्मान गर्नुपर्ने आभास भएको हो ।" न्यौपानले गल्याङ नगरपालिकामा बसोबास गर्ने नागरिकको चाहना कृषि पेसातर्फ रहेको भन्दै उनीहरूलाई हौसला प्रदान गर्न उत्पादित कृषि सामग्रीको बजारिकरण गर्ने योजनामा नगरपालिका रहेको जानकारी दिनुभयो । उहाँले गल्याङ नगरपालिकामा सम्भावना राम्रो भएकाले तरकारी, मासु र दूध उत्पादनलाई विशेष जोड दिइएको बताउनुभयो । गल्याङ नगरपालिकाका कृषि शाखा प्रमुख शिव ढकालले हालसम्म वडा नं १, ३, ४, ६, १० र ११ का २४ वटा टोलका किसानसँग पुगेको बताउनुभयो । उहाँले मङ्सिर १५ गतेभित्र वडा नं २, ५, ७, ८ र ९ का किसानका टोलमा पुगेर अन्तरक्रियासहितका कार्यक्रम सञ्चालन गर्ने जानकारी दिनुभयो। "अहिलेसम्म एक हजार पाँच सय बढी किसानलाई हाते पुस्तक र बिउबिजन वितरण गरेका छौं", ढकालले भन्नुभयो, "किसानले जनप्रतिनिधिसँग गुनासो राख्ने, प्राविधिक सल्लाह लिने गरेका छन् ।"

# पदमार्गमा 'करबाकेली' काव्ययात्रा

**पोखरापत्र संवाददाता**
म्याग्दी, २१ कार्तिक

म्याग्दीको 'करबाकेली इको' पदमार्गमा काव्ययात्रा थालिएको छ । करबाकेली बाबा संरक्षण समितिको आयोजनामा देशका विभिन्न ठाउँका १८ कबि, लेखक, पत्रकार र पर्यटनकर्मी सोमबार बेनी बजारबाट करबाकेली इको पदमार्गको यात्रामा गएका हुन् ।

बेनीबाट करबाकेली हुँदै पुनहिल पुगेर चार दिनमा काव्ययात्रा सकिने करबाकेली बाबा संरक्षण समितिका संरक्षक चामबहादुर पुनले जानकारी दिनुभयो । "साहित्यको माध्यमबाट यो ठाउँको प्रचार-प्रसारका साथै पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले काव्ययात्रा आयोजना गरिएको हो, यहाँको प्रकृति, संस्कृति र जीवनशैलीलाई साहित्यमार्फत उजागर गर्ने पनि उद्देश्य रहेको छ", उहाँले भन्नुभयो।

काव्ययात्रामा प्रगति राई, प्रभा बराल, कुमारी लामा, अभय श्रेष्ठ, हेमन्त विवश, सागर उदास, रञ्जन राजभण्डारी, घनश्याम पौडेल, तारानाथ पहाडी, दिनेशनारायण श्रेष्ठ, राजकुमार गजुरेल, भवानी शिलाकार र सुरेन्द्र राना सहभागी हुनुभएको छ। बेनीबाट मल्लाज बाँसखर्क महभिर हुँदै टोली करबाकेली पुगेको छ । यात्राका क्रममा स्थलगतरूपमा रचना तयार पार्ने र सोही स्थानमा प्रस्तुत गरिने यात्रामा सहभागी हुन तनहुँबाट आउनुभएका गीतकार सागर उदासले बताउनुभयो ।

"स्थलगतरूपमा करबाकेली क्षेत्रको बारेमा रचना बाचन गर्नुका साथै यात्रा अनुभुति, कथा, कविता, आलेख सङ्कलन पनि हुनेछ", उहाँले भन्नुभयो, "खप्तड, फोक्सुण्डो र तनहुँको आमस्वाँरा होमस्टेको काव्ययात्रा फलदायी बनेको थियो ।"

टोलीलाई बेनीमा म्याग्दी उद्योग वाणिज्य सङ्घका अध्यक्ष बेलबहादुर कटुवाल र प्रथम उपाध्यक्ष राजेश शाक्यले बिदाइ गर्नुभएको थियो । अन्नपूर्ण गाउँपालिका-८ काफलडाँडास्थित करबाकेलीलाई केन्द्रित गरेर विसं २०७५ मा करबाकेली इको पदमार्ग सञ्चालन भएको थियो । कास्कीको वीरेढाँटी, तिखेढुङ्गा, उल्लेरी, घोडेपानी र करबाकेलीथान हुँदै बेनीलाई समेटेको यो पदमार्गमा चार दिनको यात्रा गर्न सकिन्छ। कला संस्कृति हेर्न र संसारकै ठूलो गुराँसे जङ्गलको यात्रा गर्न यो पदमार्ग उत्तम छ।

करबाकेली पदमार्गको अधिकांश क्षेत्र अन्नपूर्ण पदमार्ग र बाँकी क्षेत्र अन्नपूर्ण-धवलागिरि सामुदायिक पदमार्गले समेट्ने भए पनि पुनहिलबाट परम्परागत मार्ग छाडेर करबाकेली थान हुँदै बेनी पुग्न सकिने गोठालो मार्गलाई विकसित गरिएको छ। पदमार्गमा घर, गोठमा प्रयोग हुने घरायसी सामग्री, वेशभूषा, संस्कार र संस्कृति झल्कने सामग्री सङ्कलन गरी काफलडाँडामा करबाकेली सङ्ग्रहालय स्थापना गरिएको छ।

# महाशिलामा छैनन् निजी विद्यालय

**पोखरापत्र संवाददाता**
पर्वत, २१ कार्तिक

सामुदायिक विद्यालयको गुणस्तर सुधार हुँदै गएपछि पर्वतको महाशिला गाउँपालिकामा रहेका निजी विद्यालय विस्थापित भएका छन् । निजी विद्यालय नहुने जिल्लाका सात गाउँपालिकामध्ये एकमात्र महाशिला हो। अन्य छ पालिकामा भने निजी विद्यालय सञ्चालन भइरहेका छन्।

गाउँपालिकामा जनप्रतिनिधि निर्वाचित भएसँगै सामुदायिक विद्यालयको गुणस्तर सुधार भएसँगै गरिएको सुधारले गाउँपालिकाका विभिन्न वडामा सञ्चालित निजी विद्यालय बन्द भएका हुन् । हुनेखानेका बालबालिका गुणस्तरीय शिक्षाको नाममा बजार जाने र गाउँमा रहेका विपन्न तथा मध्यम परिवारका बालबालिका लामो समयसम्म विद्यालयमा नटिक्ने भएपछि गाउँपालिकाले सामुदायिक विद्यालयबाट नै निजी विद्यालय सरहको शिक्षा दिन थालेको थियो । सुरुवातमा कक्षा १ देखि ३ सम्म पालिका आफैले दिवा खाजा कार्यक्रम सुरु गरेपछि विद्यालयमा विद्यार्थीको टिकाउ दर बढ्यो । पछि सरकारले कक्षा ५ सम्म दिवा खाजा कार्यक्रम सञ्चालन गरेपछि निजी विद्यालयमा भन्दा सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढेको गाउँपालिकाका अध्यक्ष ईश्वरीप्रसाद भुसालले बताउनुभयो । अहिले नर्सरीदेखि १० कक्षासम्म नै सबै विद्यालयमा अङ्ग्रेजी माध्यममा पढाइ सञ्चालन भइरहेको छ । उहाँले भन्नुभयो -"निजी विद्यालय नहुने जिल्लाभरमा हाम्रो पालिका मात्रै हो ।" गाउँपालिकाले अंग्रेजी भाषाप्रतिको मोह अन्त्य गर्न सबै विद्यालयमा अङ्ग्रेजी माध्यमबाट पढाइ सुरु गरेको छ । बोर्डिङ स्कुलले दिने शिक्षा सामुदायिक विद्यालयबाटै दिन थालिएको अध्यक्ष भुसालको भनाइ थियो । त्यसका लागि विद्यालयमा रहेका नयाँ तथा पुराना शिक्षकलाई समेत आवश्यक तालिम दिएर मासिकरूपमा उपलब्धि मापन परीक्षासमेत लिने गरिएको छ। शिक्षक आफैले प्रश्नपत्र तयार गर्दा नतिजा राम्रो नआउने भएकाले बाहिरबाट विषय विज्ञ बोलाएर प्रश्नपत्र तयार गर्ने र शिक्षकको नभइ कर्मचारीको रोहवरमा परीक्षा लिने तथा नतिजा विश्लेषण गर्ने गरिएको उहाँले बताउभयो । गाउँपालिकाले तीनवटा विद्यालयलाई आवासीय विद्यालयको रूपमासमेत सञ्चालन गरेको छ। वडा नं १ मा रहेको गोर्ल्याङधाम आधारभूत माध्यमिक विद्यालय, वडा नं ४ पाखापानीमा रहेको स्वधर्म मावि र वडा नं ५ लङ्खुदेउरालीमा रहेको महेन्द्रज्योति माविलाई पूर्ण तथा आंशिकरूपमा आवासीय विद्यालय सञ्चालन गरी बिहान ६ बजेदेखि साँझ ६ बजेसम्म विद्यार्थीलाई विद्यालयमै राख्ने र पढाइसँगै अतिरिक्त क्रियाकलाप सिकाउने गरिएको छ । यस वर्षदेखि आवासीय विद्यालय थप गर्ने योजनासमेत पालिकाले बनाएको छ। आवासीय विद्यालयमा परिचालन हुने शिक्षकलाई गाउँपालिकाले तलबको थप ३५ प्रतिशत रकम उपलब्ध गराउँदै आएको छ । त्यसैगरी एक शिक्षक एक ल्यापटप र एक कक्षा एक प्रोजेक्टर कार्यक्रम लागु गरेर प्रविधिमैत्री शिक्षा समेत दिन थालिएको अध्यक्ष भुसालले बताउनुभयो।


**Jaimini Municipality**
Kushmisera, Baglung
Gandaki Province, Nepal

## Invitation for Bids

(Date of Publication: 2080-7-22 BS (2023-Nov-8 AD)

1. Jaimini Municipality Office, Kushmisera, Baglung invites electronic bids only from eligible bidders for the Road work mentioned in table below under contract.

| S.N. | Name of Work | Contract ID | Estimated Amount NRs.(With VAT & PS) | Bid Doc. Fee | Bid Security Amount NRs. |
|---|---|---|---|---|---|
| 1 | Procurement of Kushmisera sarkuwa byarthala kewai 8 no. ward karyalaya chhisti Road | JM/BAGLUNG/NCB/W/R/1/2080/81 | NRs.99,97,959.77 | NRS 3000 | 2,50,000 |

2. Addendum (if any), Information on Pre-bid meeting, Letter of Intent, Letter of Acceptance or any other documentation/notification pertaining to this procurement notice and that must be disclosed to the bidders as per prevailing rules and regulation will be uploaded in E-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp and also e-mailed to the bidders. So, the bidders must mention in their bids the correct email addresses which are presently in use. No more publication, after this, will be made in National newspaper, whatsoever.
3. For further information visit PPMO's website http://www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

# अन्नपूर्णको फेरोमा बढे पर्यटक

**रामबहादुर थापा**
गण्डकी, २१ कार्तिक /रासस

गत वर्षको पहिलो छ महिनामा ७५ हजार सात सय २३ विदेशी पर्यटकले अन्नपूर्ण क्षेत्र घुमेका थिए। जुन यो वर्षको सोही अवधिमा भएको पर्यटक आगमनको तुलनामा २५ हजार तीन सय दुईले कम हो।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)का अनुसार गत वैशाखदेखि असोजसम्म एक लाख एक हजार एक सय २५ विदेशी पर्यटकले सो क्षेत्रको भ्रमण गरेका छन्। अन्नपूर्ण चक्रीय पदमार्ग आसपासका गन्तव्यस्थलमा पुग्ने विदेशी पर्यटकको सङ्ख्या गत वर्षभन्दा अहिले बढेको आयोजनाका प्रमुख डा रबिन कडरियाले बताउनुभयो। "कोभिड-१९को महामारीताका सुस्ताएको यहाँको पर्यटनले बिस्तारै पुरानै लय पछ्याउँदै छ", उहाँले भन्नुभयो, "दोस्रो पर्यटकीय याम सुरु हुँदासम्ममा यो वर्षको पर्यटक आगमन अझ बढ्ने देखिन्छ।"

अहिलेको मुख्य पर्यटकीय याममा अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, म्याग्दीको घोडेपानीलगायत अन्नपूर्ण फेरोमा पर्ने गन्तव्यस्थलमा आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल बाक्लिएको प्रमुख डा कडरियाले बताउनुभयो। अन्नपूर्ण चक्रीय पदमार्गमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्याङ्क राख्ने गरिएको उहाँले उल्लेख गर्नुभयो। "आन्तरिक पर्यटकको सङ्ख्या त यकिन नै गर्न सकिँदैन, सडक मार्ग भएर मुस्ताङ र मनाङ छिर्नेको सङ्ख्या उल्लेख्य छ", प्रमुख डा कडरियाले भन्नुभयो, "नेपालीहरू घुम्न निस्कने मुख्य याम पनि यही हो, विशेषगरी युवाहरूमा घुम्ने क्रेज बढ्दो छ।" उहाँका अनुसार दसैँ र तिहारको बीचमा पदयात्रामा जाने बढी हुन्छन्। कात्तिक महिना लागेपछि १९ गते भित्रमा मात्र १८ हजार दुई सय ९५ विदेशी पर्यटक अन्नपूर्ण संरक्षण क्षेत्रमा भित्रिएको आयोजना कार्यालयको तथ्याङ्कमा उल्लेख छ। पछिल्लो छ महिनामा सबैभन्दा बढी वैशाखमा ३१ हजार नौ सय ५१ विदेशी पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका थिए। गत महिना २८ हजार सात सय पाँच विदेशी पर्यटक त्यस क्षेत्रमा पुगेका थिए। सबैभन्दा कम साउनमा जम्मा पाँच हजार चार सय एक पर्यटक सो क्षेत्रमा पुगेका थिए। सात हजार छ सय वर्गकिलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्र पदयात्राका लागि आकर्षक गन्तव्य मानिन्छ। तीन वर्षअघि चर्चित अन्तर्राष्ट्रिय ट्राभल साइट लोन्ली प्लानेटले अन्नपूर्ण चक्रीय पदमार्गलाई विश्वका घुम्नै पर्ने दस गन्तव्य सूचीमा राखेको थियो। हालै नेपाल भ्रमणका क्रममा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस पनि अन्नपूर्ण आधार शिविर पुग्नाले यस क्षेत्रको महत्व थप चुलिएको छ। त्यस बखत उहाँले हिमालमा सूर्योदयको किरण देखेर आफू छक्क परेको र नेपालको प्राकृतिक बनोट अद्भुत रहेको बताउनुभएको थियो। अमेरिकी समाचार संस्था 'सिएनएन'ले सन् २०२३ मा विश्वका घुम्नैपर्ने २३ गन्तव्यको सूचीमा राखेको मुस्ताङ उपत्यका पनि अन्नपूर्ण संरक्षण क्षेत्रमै पर्छ। पर्यटक पथप्रदर्शक दिवस गुरुङले अन्नपूर्ण क्षेत्र प्राकृतिकरूपले सुन्दर, जैविक विविधता, हिमाली जनजीवन, संस्कृति आदि कारणले पर्यटकको रोजाइमा पर्ने गरेको बताउनुभयो। "कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायत जनसुकै मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दूरीको पदयात्रा तय गर्न सकिन्छ", उहाँले भन्नुभयो, "आकर्षक गन्तव्यस्थलहरू, पर्यटनमैत्री पूर्वाधार, स्थानीयवासीको आतिथ्यता र सेवासुविधाका हिसाबले अन्नपूर्ण चक्रीय पदमार्ग घुमफिरका लागि उत्कृष्ट छ।" मुख्य पर्यटकीय याम (असोज-कात्तिक) र (चैत-वैशाख) मा अन्नपूर्ण क्षेत्रमा पर्यटकको घुइँचो लाग्ने गरेको पथप्रदर्शक गुरुङले बताउनुभयो। रोमाञ्चक र आनन्ददायक पदयात्राका लागि अन्नपूर्ण क्षेत्र उत्कृष्ट रहेको दसैँलगत्तै मर्दी आधार शिविर पुगेर फर्कनुभएकी पोखरा महानगरपालिका-२९ की आरजु खत्रीले उल्लेख गर्नुभयो। "कास्कीको काँडे, अष्ट्रेलियन क्याम्प, देउराली, हाई क्याम्प हुँदै आधार शिविर पुगेर तेस्रो दिनमा घर फर्कियौँ", उहाँले भन्नुभयो, "हिमपातपछि खुलेको मौसममा यात्रा निकै रमाइलो भयो, हिमालको छेउमै पुग्दाको क्षण वर्णन गर्न नसकिने खालको थियो।"

सूचना प्रविधि विषयमा अध्ययनरत उहाँले दसैँको बिदा छोपेर साथीसँग पदयात्रामा निस्केको बताउनुभयो। खत्रीले मर्दी आधार शिविर पुग्दा पर्यटकको बाक्लो चहलपहल देखेको सुनाउनुभयो। "मर्दीमा धेरै आन्तरिक पर्यटक नै थिए, विशेषगरी युवाहरू बढी देखिन्थे", उहाँले भन्नुभयो। जोमसोमस्थित 'एक्याप'को इलाका संरक्षण कार्यालयका प्रमुख प्रमोदराज रेग्मीले गत साउनदेखि असोजसम्ममा १५ हजार तीन सय २८ विदेशी पर्यटकले मुस्ताङ घुमेकामासार्क मुलुकका १३ हजार ९८ र सार्कबाहिरका मुलुकका दुई हजार दुई सय ३० पर्यटक रहेको उहाँले बताउनुभयो। "मुस्ताङ भित्रने विदेशी पर्यटकमा भारतीय नागरिकको सङ्ख्या बढी छ, भारतीय धार्मिक पर्यटक मुख्य गरी मुक्तिनाथको दर्शनका लागि भ्रमणका लागि आउँछन्", प्रमुख रेग्मीले भन्नुभयो, "दसैँपछि मुस्ताङमा आन्तरिक पर्यटकको चहलपहल पनि ह्वात्तै बढेको छ।"

# कालीभक्तको जन्मभूमिमा काव्ययात्रा

**पोखरापत्र संवाददाता**
पोखरा, २१ कार्तिक



लोकसंस्कृतिका अध्येता तथा अनुसन्धानदाता कालीभक्त पन्तको जन्मभूमि पर्वतको फलेवासमा तीन दिवसीय काव्ययात्रा सम्पन्न भएको छ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) साँस्कृतिक समिति र नेपाल च्याप्टरको आयोजना एवम् कालीभक्त-कृष्णा पन्त स्मृति प्रतिष्ठानको संयोजनमा 'पर्वत-फलेवास पर्यटकीय संस्कृति तथा काव्ययात्रा' कार्तिक १७ गतेदेखि १९ गतेसम्म सम्पन्न भएको हो। अनेसास बोष्टन च्याप्टर अध्यक्ष तथा केन्द्रीय साँस्कृतिक समिति संयोजक महेश्वर पन्तको व्यवस्थापनमा सम्पन्न काव्यात्रामा देशभरका ३५ विशिष्ट कवि, कलाकार, गीतकार, संगीतकार र अनुसन्धानदातासहित स्थानीयको बाक्लो उपस्थिति रहेको थियो।

सम्मेलनको उद्घाटन गर्दै फलेवास नगरपालिकाका प्रमुख गंगाधर तिवारीले देशभरका स्रष्टालाई स्थानीय तहमा ल्याएर कार्यक्रम गर्दा त्यस ठाउँ, प्रतिभा र विशेषताको प्रभावकारी प्रचारप्रसार हुने भएकाले यस्ता कार्यक्रम निकै आवश्यक रहेको बताए। उनले सिर्जना र साहित्यका माध्यमबाट पर्यटन प्रवर्द्धनमा जोड दिने उद्देश्यले यस्ता कार्यक्रम देशभरका स्थानीय सरकारले सञ्चालन गर्नुपर्नेमा जोड दिए। साथै अनेसासले प्रकाशन गर्ने संस्कृति तथा काव्ययात्रा विशेषाङ्कका लागि पालिकाबाट आर्थिक सहयोग गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे। कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै महेश्वर पन्तले लामो समयदेखिको फलेवासमा काव्ययात्रा आयोजना गर्ने सपना पूरा भएको बताए। पन्तले समय र परिस्थितले ज्यान परदेशमा भए पनि चिन्तन सदा घरदेशको मात्र नभएर यहाँको कला, साहित्य र संस्कृतिको हुने भएकाले काव्ययात्रा आयोजना गरिएको धारणा राखे। पन्तले कालीभक्तको जन्मस्थलमै यसरी विभिन्न क्षेत्रमा विज्ञता हासिल गरेका स्रष्टा साधकको उपस्थितिमा कार्यक्रम आयोजना गर्नुले यहाँको सांस्कृतिक, सामाजिक, साहित्यिक क्षेत्रको गौरवपूर्ण ऐतिहासिक पृष्ठभूमिको प्रचारप्रसारसँगै आन्तरिक पर्यटन पर्वद्धन कार्यक्रमको मुख्य उद्देश्य रहेको विचार व्यक्त गरे। सोही समारोह बीच महेश्वर पन्तको उडेका पैताला कविता कृतिको लोकार्पणसमेत प्रमुख अतिथिलगायत अन्य अतिथिबाट लोकार्पण गरियो। कृतिको समीक्षा गर्दै सुरेन्द्र अस्तफलले बहुआयामिक व्यक्तित्वका रूपमा चिनाए। कार्यक्रमको उद्घाटन सत्रमा अनेसास केन्द्रीय वरिष्ठ उपाध्यक्ष सर्वज्ञ वाग्ले, उपाध्यक्ष डा.रेणुका सोलु, केन्द्रीय सदस्य सरिता अर्याल, पूर्वअध्यक्ष राधेश्याम लेकाली, अनेसास नेपाल च्याप्टरका निवर्तमान अध्यक्ष सन्ध्या पहाडी, नेपाल च्याप्टर सदस्य दुर्गाबहादुर शाह 'बाबा', फलेवास-६ का अध्यक्ष नवीनकुमार श्रेष्ठ, प्रतिष्ठानका संरक्षक गोविन्द पन्त, साहित्यकार विक्रमभक्त जोशी, सामाजिक अभियन्ता आर.के. अदीप्त गिरीलगायतले मन्तव्य राखेका थिए। यस्तै, लोकगायक विमलराज क्षेत्री, संगीतकार नरहरि प्रेमी र लोकगायिका ऋतु कँडेलको सांगीतिक प्रस्तुतिसमेत रहेको थियो। कार्यक्रमको दोस्रो आँसुकवि सत्रमा साहित्यकार दुर्गाबहादुर शाह 'बाबा', देवेन्द्र के.सी., गीता कार्की, इन्दिरा ढकाल, सुरेन्द्र अस्तफल, गणेश श्रवण, उदय अधिकारी, लेखुराम सापकोटा, पदम अर्याल, सूर्यप्रकाश कँडेल, सरस्वती गौतम, सुरेन्द्र अस्तफल, आरजु विष्ट सल्यानी, आर.के. अदीप्त गिरी, असफल गौतम, रमेश दाहाल, नरहरि प्रेमी, विमलराज क्षेत्री, ऋतु कँडेल, दुर्गा अधिकारी, मनिला वन्त, उदय अधिकारी, मदनकुमार थापा, प्रकाश सुवेदीलगायतले आफ्ना उत्कृष्ट सिर्जनासहित तत्स्थानीय भ्रमणका अनुभूति सुनाएका थिए। यही आँसुकवि सत्रका रचनालाई समेटेर प्रकाशन हुने विशेषाङ्कका लागि फलेवास नगरपालिकाले आर्थिक सहयोग गर्ने नगरप्रमुख गंगाधर तिवारीले प्रतिबद्धता व्यक्त गरेका हुन्।

कार्यक्रमको तेस्रो सांस्कृतिक सत्रमा स्थानीय आमा समूहका पदाधिकारी र काव्ययात्रामा सहभागी कलाकार, संगीतकार बीच मध्यरातसम्म घम्साघम्सी दोहोरीसमेत चलेको थियो। विभिन्न सत्रमा सम्पन्न तीन दिवसीय कार्यक्रमको उद्घाटन सत्रको अध्यक्षता अनेसास नेपाल च्याप्टर अध्यक्ष राजेन्द्र के.सी., आँसुकवि सत्रको अध्यक्षता गीता कार्की र लोक तथा दोहारी गायन सत्रको नेतृत्व गायक विमलराज क्षत्रीले गरेका थिए। उद्घाटन सत्रको कार्यक्रम सञ्चालन साहित्यकार निशा केसीले गरेकी थिइन्। काव्ययात्राकै क्रममा देशका विभिन्न ठाउँबाट आएका स्रष्टा साधकलाई पर्वत, कुश्मा, फलेवासलगायतका विभिन्न क्षेत्रको अवलोकन भ्रमणसमेत गराइएको थियो। काव्ययात्राको तेस्रो दिन पर्वतमा क्रियाशील सम्पूर्ण लायन्स क्लबकातर्फबाट र आर.के अदिप्त गिरी तथा शताब्दी घरकातर्फबाट कवि कलाकारलाई छुट्टाछुट्टै स्वागत सम्मानसमेत आयोजना गरिएको थियो।

# आगामी मनसुन अगावै तनहुँ जलविद्युत्को बाँध निर्माण सकिने

**डम्मर बुढामगर**
बागलुङ, २१ कार्तिक /रासस

तनहुँको ऋषिङ गाउँपालिका-१ मा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको बाँध आगामी मनसुन अगावै सम्पन्न गर्ने गरी निर्माण प्रारम्भ गरिएको छ।

आयोजनाको प्याकेज-१ अन्तर्गतको बाँध निर्माणको प्रक्रिया सोमबारदेखि सुरु गरिएको हो। त्यसका लागि उक्त गाउँपालिकाको वडा नं १ र व्यास नगरपालिकाको वाडा नं ५ सिमाना भएर बग्ने सेती नदीमा मुख्य बाँध निर्माणस्थलभन्दा माथिल्लो तटीय क्षेत्रबाट एक सय ४० मिटर अग्लो कङ्क्रिटको ६२६दशमलव ९२ मिटर लामो सुरुङ निर्माण गरी पानी फर्काइएको छ। डाइभर्सन सुरुङमार्फत फर्काइएको पानीलाई मुख्य बाँध निर्माणस्थलबाट तल्लो तटीय क्षेत्रबाट पुनः सेती नदीमा खसालिएको छ। सन् २०२१ देखि निर्माण सुरु भएको डाइभर्सन टनेल हालै निर्माण भएपछि नदी फर्काउने काम गरिएको हो। सेती नदी अब सोही डाइभर्सन टनेल भएर बग्नेछ। मुख्य बाँध निर्माण अवधिसम्मका लागि नदी फर्काउन करिब ४० मिटर अग्लो अस्थायी कङ्क्रिट बाँध (कफर ड्याम) निर्माण गरिने आयोजना प्रमुख राजभाइ शिल्पकारले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "आगामी मनसुन सुरुहुनुभन्दा पहिले नै बाँध निर्माण गरिसक्ने गरी काम अगाडि बढाइएको छ। नदी फर्काइएपछि अब बाँध निर्माणका लागि जग खन्ने काम अब सुरु हुन्छ।" प्याकेज-१ अन्तर्गत १४० मिटर अग्लो बाँध निर्माणका लागि सोङ्दा कर्पोरेसन, भियतनाम-कालिका कन्सट्रक्सन (प्राली) नेपाल जेभीसँगको ठेक्का सम्झौता विसं २०७८ भदौ १४ गतेदेखि कार्यान्वयनमा आएको थियो। निर्माण व्यवसायीले हाल अर्को डाइसर्भन सुरुङ र मुख्य बाँध निर्माणका लागि सेती नदीको दायाँ तथा बायाँतर्फबाट पहाड (स्लोप) काट्ने कार्य गरिरहेको छ। उक्त कार्यको प्रगति करिब ५४ प्रतिशत छ। आयोजनाको मुख्य निर्माण कार्यलाई तीन प्याकेजमा विभाजन गरी काम गरिएको छ। आयोजनाको सुरुङ, विद्युत् गृह निर्माण र हाइड्रोमेकालिन तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायत प्याकेज-२को निर्माण कार्यका लागि चीनको सिनो हाइड्रो कर्पोरेसनसँग विसं २०७५ असोज १५ गते खरिद सम्झौता गरिएको थियो। निर्माण सुपरिवेक्षण परामर्शदाताले खरिद सम्झौता बमोजिम निर्माणकार्य सुरु गर्न कार्यादेश जारी गरेपश्चात् सिनो हाइड्रोले विसं २०७५ माघ ६ देखि आयोजनास्थलमा परिचालित भई निर्माण कार्य जारी राखेको छ। भूमिगत विद्युत्गृह खनेर कङ्क्रिट राख्ने तथा टर्वाइनलगायत उपकरण जडान गर्ने काम भइरहेको र टेलरेस सुरुङ निर्माण सम्पन्न भएको छ। मुख्य सुरुङ भनेखनिरहेको छ। यस प्याकेजको सिभिलतर्फको निर्माण प्रगति ७० प्रतिशतभन्दा बढी छ भने समग्र प्रगति करिब ४७ प्रतिशत छ।

प्याकेज-३अन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्म २२० केभीको डबल सर्किट प्रसारण लाइन निर्माणका लागि भारतको केइसी इन्टरनेशनल लिमिटेडसँग विसं २०७५ पुस १० गते भएको खरिद सम्झौता विसं २०७५ फागुन १० मा कार्यान्वयनमा आएको थियो। चौँतिस दशमलव सात किमि प्रसारण लाइनमा पर्ने ९४ वटा टावरमध्ये ६९ वटा टावरको जग हालिएको छ भने ३३ वटा टावर खडा गरिएको छ। यस प्याकेजको समग्र निर्माण प्रगति ६९ प्रतिशत रहेको छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

हार्दिक समवेदना



जन्मः
वि.सं. २०१८/०३/२१ गते

स्वर्गारोहणः
वि.सं. २०८०/०७/१० गते

स्व. प्रेम कुमारी ढेवाजू

यस बाल गोपाल यूवा समितिका सक्रिय सदस्य रजत ढेवाजूका ममतामयी आमा **प्रेम कुमारी ढेवाजू**को ६२ वर्षको उमेरमा भएको अकल्पनीय एवम् असामयिक दुःखद निधनले हामीलाई मर्माहत बनाएको छ। यस दुःखद घडीमा आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी भगवानसँग प्रार्थना गर्दै हार्दिक समवेदना ब्यक्त गर्दछौं।

धिरज प्रसाद ढेवाजू
अध्यक्ष एवम्
बाल गोपाल यूवा समिति परिवार
पोखरा-१३, गौडाकोमुख



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

हार्दिक समवेदना



जन्मः
वि.सं. २०१८/०३/२१ गते

स्वर्गारोहणः
वि.सं. २०८०/०७/१० गते

स्व. प्रेम कुमारी ढेवाजू

हाम्रा ढेवाजू परिवारका सक्रिय सदस्य एवं समाजसेवी प्रेम कुमारी ढेवाजुको ६२ वर्षको उमेरमा भएको अकल्पनीय एवम् असामयिक दुःखद निधनले हामीलाई मर्माहत बनाएको छ। यस दुःखद घडीमा आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै यस शोकको घडीमा हामीप्रति श्रद्धाभाव राखि सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, टोल छिमेक, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं।

समस्त ढेवाजू परिवार
पोखरा-१३, गौँडाको मुख